विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय: थाहा नगरपालिका-४ मकवानपुर
सम्पर्क नं. ९८०७१५३३००
इमेल: bikaskhabar@gmail.com
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१५, ● अंक-२७ ● २०७९ माघ ०२ गते सोमबार, ● 16 Jan. 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# थाहाको नगरसभामा 'संसदीय झल्को'

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहानगरको पालुङ जेसिज सभाहलको मुल गेट आघिल्तिर एउटा सूचना टाँसिएको थियो । कोहीले त्यो सूचना पढेका थिए भने कसैले वास्तै गरेनन् । तर थाहाको नगरसभामा भाग लिन जम्मा भएका जनप्रतिनीधिहरूले खुट्याइहाले, नगरसभा दिउँसो १ बजे शुरू हुँदैछ । जनप्रतिनीधिलाई उपलब्ध गराइएको सभाको कार्यसूची नै हलको अघिल्तर टाँसिएको देखेपछि उनीहरूले थाहा नपाउने कुरै भएन ।

थाहा नगरपालिकाको आयोजनामा भएको नगरसभाको उद्घाटनसत्र सकेर हल बाहिर निस्केका जनप्रतिनीधिहरूका लागि केहीबेरमै घण्टी बज्यो । संसद भवनमा जस्तै । सबै प्रतिनीधी हल भित्र प्रवेश गरे । अघिल्लो लाइनमा वडाध्यक्ष, त्यसपछि कार्यपालिका सदस्य र क्रमश: सबै नगरसभा सदस्यहरू मिलेर बसेका थिए । उनीहरू अधिकांश औपचारिक पोशाकमा थिए । हलमा जनप्रतिनीधिहरू प्रवेश गरेको केही बेरमै नगर प्रमुख विष्णु बहादुर विष्टको पनि प्रवेश भयो । सबै नगरसभा सदस्य उठेर सम्मान व्यक्त गरे । नगर प्रमुख आफ्नो आशनमा पुग्ने वित्तिकै राष्ट्रिय गान बजिहाल्यो । सबै त्यही गानमा सहभागी भए । नगर प्रमुखको आसन ग्रहण भयो अनि, सबै सदस्य आ(आफ्नो स्थानमा बसे । यो हो, २८ पुस दिउँसो भएको १२ औं थाहानगर सभाको दृश्य ।

सभामा न कुनै कर्मचारीले कार्यक्रम चलाउन तम्सेका थिए न त उद्घोषण । नगर प्रमुख विष्टले नगरसभा बैठक प्रारम्भ भएको घोषणा गरिहाले । बैठकको कार्यसूची अनुसार नगरसभा उपाध्यक्ष तथा नगर उपप्रमुख भरत गोपालीलाई आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम एवम् बजेट समिक्षा सहितको संशोधित बजेट वक्तव्य पेश गर्न सभा अध्यक्ष एवं नगर प्रमुख विष्णु बहादुर विष्टले समय उपलब्ध गराए । गोपालीले रोष्टमबाट वक्तव्य सुनाए । नगर प्रमुख विष्टले वक्तव्य माथि बोल्न चहाने सभा सदस्यलाई नाम टिपाउन समय दिए, समिक्षा सहितको संशोधित बजेट वक्तव्यमाथि छलफलका लागि सयम छुट्याए ।

कार्यसूची अनुसार स्थानीय वन ऐन पास गर्नका लागि थाहानगरको वन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक हिरेन्द्र कुमार रायमाझीले प्रस्ताव पेश गर्न सभा अध्यक्ष विष्ट मार्फत समय पाए । संयोजक रायमाझीले ऐन प्रस्ताव गर्नुको औचित्य सहित प्रस्ताव गरे । सभा अध्यक्षले त्यसका लागि पनि सभा सदस्यहरूलाई छलफलको लागि समय उपलब्ध गराए ।

दुवै प्रस्तावमा कुनैपनि मतभेद नभएपछि क्रमश: नगरसभा उपाध्यक्ष गोपालीलाई आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम एवम् बजेट समिक्षा सहितको संशोधित बजेट वक्तव्य र वन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक रायमाझीलाई स्थानीय वन ऐन पास होस भनी प्रस्ताव राख्न विष्टले समय दिए र उनीहरूले सभा अध्यक्षको निर्देशन बमोजिम गरिहाले ।

सभामा राखिएका प्रस्तावहरू कार्यसूची बमोजिम नै ध्वनि मतका आधारमा पास भयो । सबै प्रस्तावहरूमा सभा अध्यक्ष विष्टले प्रस्तावको पक्षमा हुनेले 'हुन्छ' र प्रस्तावको विपक्षमा हुनेले 'हुन्न' भन्नुहोस् भनी ध्वनि मतका आधारमा सभामा संसदीय अभ्यास गराएका थिए । बागमती प्रदेशले कार्यान्वयनमा ल्याएको नगरसभा संचालन सम्बन्धी कार्यविधि बमोजिम सभा संचालन भएको प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरेले प्रतिक्रिया दिए ।

'पालिका प्रतिनीधिहरूलाई संसदीय अभ्यासमा जाँदा कठिनाइ हुन्छ की भन्ने लागेको थियो सबै कर्मचारी र प्रतिनिधिको सहयोगमा सजिलै सभामा संसदीय अभ्यासमा भयो, सबैप्रति आभार व्यक्त गर्दछु' घिमिरेले भने ।

## पालिकाका पाँच कर्मचारी पुरस्कृत

मकवानपुरको थाहा नगरपालिकाले पालिकाका कर्मचारीहरू मध्ये उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान गरेको छ । नगरपालिकाले १२ नगर सभाको अवसरमा कर्मचारीहरूलाई पुरस्कृत गरेको हो ।

पुरस्कृत हुनेहरूमा थाहा नगरपालिकाका पुरूष कर्मचाहरूरीहरू मध्येबाट प्रशासन शाखा अधिकृत छैठौं उमेश श्रेष्ठ, महिलातर्फ महिला तथा बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तान, वडा सचिवहरू मध्येबाट वडा नम्बर १ की वडा सचिव अनु रूपाखेती, स्वास्थ्य सेवातर्फ बज्रवाराही स्वास्थ्य चौकीकी अनमी सितामाया जिरेल र कार्यालय सहयोगीहरू मध्येबाट वडा नम्बर २ का विन्दुकुमार श्रेष्ठलाई प्रसंसापत्र सहित सम्मान गरिएको छ ।

सम्मानित सबैलाई नगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली तथा प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरेले सम्मान पत्र प्रदान गरे । कर्मचारीहरूले आफ्नो उत्कृष्टता कायम राख्दै आगमि दिनका थप अब्बल सेवा प्रदान गर्न आग्रह गर्दै नगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले शुभकामना दिए । थाहानगरले वर्षेनी कर्मचारीहरूको मूलयाङ्कन गर्दै पुरस्कृत गर्ने गरेको छ ।

**थाहाको १२ औं नगरसभा: २४ प्रतिशत मात्र वित्तिय प्रगती** पृष्ठ ५ मा

# पत्रकार अधिकारीलाई 'थाहा पत्रकारिता पुरस्कार'




◆ विकास संवाददाता

थाहा दिवसका अवसरमा थाहानगरका पत्रकार शम्भु अधिकारी थाहा पत्रकारिता पुरस्कारबाट सम्मानित भएका छन् । फरकसोचले थाहा दिवसका अवसमा प्रदान गर्ने थाहा पत्रकारिता पुरस्कार २०७९ थाहापाटीका कार्यकारी सम्पादक अधिकारीलाई प्रदान गरेको हो ।

अधिकारीले थाहा नगरमा रहेर पत्रकारिताको माध्यमबाट नगरको समग्र विकासमा सहयोग गरेकाले थाहा पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको आयोजक फरक सोचले जनाएको छ ।

प्रत्येक वर्ष २६ पौषमा थाहा आन्दोलनका प्रणेता रूपचन्द्र बिष्टको जन्म जयन्तीको अवसर पारेर फरक सोचले थाहा पत्रकारिता पुरस्कारबाट नगद १० हजार सहित ताम्रपत्रबाट सम्मानित गर्दै आएको छ ।

# इन्द्रसरोवरका १ सय १६ जनाको स्वास्थ्य परीक्षण

◆ विकास संवाददाता

मकवानपुर इन्द्रसरोवर गाउँपालिकाको आयोजनामा वडा नम्बर ३ सिस्नेरीमा भएको नि:शुल्क स्वास्थ्य शिविर, न्यानो कपडा वितरण तथा खाजा कार्यक्रममा १ सय १६ जनाले स्वास्थ्य परीक्षण गराएका छन् । परीक्षण गरि एकाहरू मध्ये १ सय १५ जनालाई नि:शुल्क औषधि वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

यस्तै, कार्यक्रममा १ सय ८७ जनालाई न्यानो कपडा वितरण गरिएको गाउँपालिकाका सूचना अधिकारी दीपक चापागाईले जानकारी दिए । उनका अनुसार-'गाउँपालिकाले वडा नम्बर ३ मा २ सय ७८ जनालाई न्यानो कपडा वितरण गर्ने लक्ष्य लिएको थियो । गाउँपालिकाले 'सबैको ध्यान ज्येष्ठ



नागरिकको सम्मान' भन्ने नाराका साथ कार्यक्रम संचालन गरेको हो ।

गाउँपालिका भित्र ६८ वर्ष माथिका ज्येष्ठ नागरिक र ६० वर्ष माथिका एकल महिला तथा कु वर्गको रातो परिचय पत्र भएका अपांगता समूहलाई लक्षीत गरी न्यानो कपडा वितरण गरेको उनले जानकारी दिए । कार्यक्रम सामाजिक विकास समितिका संयोजक चन्द्र कुमार बलको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष उमा कुमारी लामा, वडा नम्बर ३ का अध्यक्ष प्रभात भोम्जन लगायतको उपस्थिति रहेको थियो ।



# • सम्पादकीय •

## बहुउपयोगी रैथाने कोदो

बहुउपयोगी कोदो नेपालमा वर्षौंअघिदेखि उत्पादन हुने खाद्यान्नमा पर्छ । नेपालको हावापानी सुहाउँदो भएकाले कोदाको उत्पादकत्व पनि राम्रो रहेको पाइन्छ । तर यसले जति महत्त्व पाउनुपर्ने हो त्यो पाउन सकेको छैन । चिनी रोगलगायत बिरामीका लागि उपयुक्त हुने भएकाले चिकित्सकले कोदो सेवन गर्ने सल्लाह पनि दिने गर्छन् । कोदोमा क्याल्सियम, कार्बोहाइड्रेड, प्रोटिन, चिल्लो पदार्थ, थाइमिन र फाइबर उच्च मात्रामा पाइन्छ । कोदोमा चामल र मकैमा भन्दा बढी क्रमशः ३५ र ८ गुणा बढी क्याल्सियम पाइन्छ । कोदोबाट बनेको पाउरोटीको प्रयोग बढ्दो छ । साथै, स्वास्थ्यप्रति सचेत मानिसले कोदाको उपभोग बढाउँदै लगेको पनि पाइन्छ । पहिलापहिला गरीबले खाने खानाका रूपमा चिनिने कोदाको महत्त्व बुझ्नेहरूले यसको प्रयोग गर्ने क्रम पनि बढेको छ । तैपनि सर्वसाधारण तहमा अझै कोदाको बहुउपयोगबारे धेरै जानकारी भएको पाइँदैन । कोदाको राम्रो उत्पादन हुने क्षेत्र पनि बाँझै राखेको देखिन्छ । सरकारी तथ्यांकअनुसार १० वर्षको अवधिमा कोदो खेती हुने जमीनको क्षेत्रफल साढे १२ हजार हेक्टरले घटेको छ ।

कोदो प्रजातिको खाद्यान्नको उपयोग बढाउने हो भने एकातिर चामलको आयात कम हुनेछ भने अर्कातिर पोषणको स्थितिमा समेत सुधार आउनेछ । तर, नेपाल सरकारले कोदो र यस्तै प्रकृतिका वालीको प्रवर्द्धन गर्न खासै काम गरेको छैन । भारतको प्रस्तावमा संयुक्त राष्ट्रसंघले २०२३ लाई कोदो प्रकृतिका बाली वर्ष मनाउन लागेको छ । नेपालले पनि उक्त कार्यक्रममा सहभागिता जनाउने तयारी गरेको छ । तर, यस्ता कार्यक्रममा सहभागी जनाउनुभन्दा पहिला कोदाको उत्पादन वृद्धि गर्न केकस्ता योजना चाहिने हो, त्यसमा स्पष्ट हुन आवश्यक छ । अझै पनि नेपालमा कृषिखेतीबाट राम्रो आम्दानी हुन्छ भनेर विश्वास गर्नेहरू थोरै छन् । भूबनोटको दृष्टिकोणले निकै सम्भावना हुँदाहुँदै पनि बजार, मूल्य तथा सिँचाइ, मलको समस्या किसानले सधैं भोग्नु परिरहेका दृष्टान्त छन् । अन्य कृषि बालीजस्तै कोदाको पनि एकातिर उत्पादन वृद्धि गर्न आवश्यक छ भने अर्कोतर्फ यसको महत्त्व र बजारीकरणको व्यवस्थापन पनि त्यतिकै जरुरी छ । हुन त नेपालमा कोदाको विदेशबाट आयात पनि हुने गरेको छ । आयात हुनुको अर्थ यसको आवश्यकता र महत्व भएरै हो ।

छिमेकी राष्ट्र भारत, गोवामा मदिरा सेवन गर्नकै लागि ठूलो संख्यामा पर्यटक पुग्ने गर्छन् । गोवामा प्रशस्त मात्रामा उत्पादन हुने काजुबाट मदिरा बनाउने कार्यले व्यावसायिकता पाएको छ । नेपालमा पनि व्यावसायिक तवरले कोदाको मदिरा उत्पादन गर्न दिने हो भने त्यस्ता उद्योगहरूले नै कोदो उत्पादन वृद्धिका लागि अनेक उपाय ल्याउन सक्छन् । नेपाली कोदाको रक्सीको ब्रान्डिङ गर्न पहल भए पनि त्यसमा सरकार सक्रिय नहुँदा चर्चामा मात्रै सीमित हुन पुगेको छ । यसो गर्न सकेको भए कोदाको रक्सीले अन्तरराष्ट्रिय बजार प्राप्त गर्न सक्ने थियो । यस्तो कार्यले पर्यटक आगमनको संख्या पनि वृद्धि हुन्छ । तर, यसका लागि सरकारको सोचमा परिवर्तन आउन आवश्यक छ । अहिले कोदाको पाउरोटीलगायत परिकारको माग पनि बढेको देखिन्छ । तर, धेरैलाई कोदाको परिकार बनाउने सीप छैन । कोदाको परिकार प्रवर्द्धनका लागि विभिन्न मेला तथा तालीम प्रदान गर्नुपर्छ । साथै, यसको उपभोगको फाइदाबारे पनि प्रशस्त प्रचार गरिनुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# ओझेलमा हुलाक सेवा



विश्वनाथ खरेल

*आजकल चिठी पठाउनै पर्दा पनि, एउटा कार्यालयले अर्को कार्यालयलाई र कार्यालयले व्यक्तिलाई औपचारिक जानकारी पठाउनुपर्ने अवस्थामा बाहेक, चिठी पठाउने कामप्रायः कसैले गर्दा पनि गर्दैन र त्यस्तो काम कसैलाई पर्दा पनि पर्दैन ।*

विश्वमा सञ्चार माध्यममा सबैभन्दा पहिले हुलाक सेवाको सुरूवात भएको इतिहास छ । यसरी सञ्चारको औपचारिक सुरूआत हुलाकबाट भएको थियो । पहिले हालखबरको समाचार एक ठाउँबाट अर्को ठाउँमा खबर आदानप्रदान गर्ने चिठीपत्रको प्रयोगलाई हुलाकले व्यवस्थित गर्ने प्रचल नथियो ।

यसै सन्दर्भमा हुलाकभन्दा अगाडि सूचनाको माध्यममा घोडा, परेवाजस्ता पशुपन्छीहरूबाट सञ्चारको कार्य गर्ने प्रचलन रहेको किंवदन्ती छ । फलतः इन्टरनेटकै कारणले गर्दा आज विश्वको आयतन साँघुरिएको छ । हाल आएर संसारकै एक कुनादेखि अर्को कुनासम्म सञ्चार माध्यमहरू सहज भएको छ । यी प्रविधिको कारणले गर्दा सम्भावनाका अनेक द्वारहरू खुलेका छन् । तसर्थ दैनिक जीवनयापनदेखि वित्तीय अभ्यास र राजनीतिक वृत्तमा समेत इन्टरनेटले खेलेको भूमिकालाई सीमित शब्दले व्याख्या गर्न असम्भवप्रायः भएको छ । यसरी विद्युत् चुम्बकीय तरङ्गमार्फत संसारभर छरिएका सूचनाहरू र हातहातमा बोक्न मिल्ने ल्यापटप र मोबाइलजस्ता उपकरणहरूले इन्टरनेटको साम्राज्य निर्माण गरेको छ ।

अब इन्टरनेटविनाको संसार अकल्पनीय भइसकेको छ । यसर्थ महिनौं लगाएर आउने चिठीपत्रको प्रतीक्षामा बस्ने पुस्ता आफ्नो जीवनको उत्तरार्द्धमा पर देश बस्ने नातिसँग भिडियो च्याट गर्ने भएको छ । मूलतः इन्टरनेटकै माध्यमबाट सूचना आज सर्वव्यापी भएको छ । यसरी संसारको जुनसुकै कुनामा भएका घटनाको सूचना आज मिनेटभरमा संसारभर फैलिन थालेको छ । कुनै पनि घटनाप्रति इन्टरनेटकै माध्यमबाट दिइने प्रतिक्रियाहरूले निकै चर्को दबाव सिर्जना गर्न थालेका छन् ।

हाम्रो देशको भन्ने हो भने कुल जनसंख्याको २३ प्रतिशतभन्दा बढी अर्थात् २७ दशमलव ७६ मिलियन मानिसहरू इन्टरनेटको प्रयोगकर्तारूपमा रहेको अनुमान गरिएको छ । यसरी हालसम्ममा विश्वमा इन्टरनेटको प्रयोगकर्ताहरूको संख्या ४ दशमलव ६६ बिलियनभन्दा बढी पुगेको अनुमान गरिएको छ । त्यस्तै हरेक दिन करिब ५० करोड टबिट गरिन्छन् । यसरी दुई अर्ब ६० करोडभन्दा बढी मानिसले प्रत्येक दिन अनलाइन प्रयोग गर्छन् । यसरी मानिसहरू अघिल्लो पुस्ताले कल्पना पनि गर्न नसक्ने सूचना स्रोतसँग पहुँच स्थापना गर्न सफल भएका छन् । यसर्थ इन्टरनेट र सोसल मिडियाको विकासले हाम्रो काम गर्ने तरिका, जीवनशैली र हाम्रो सञ्चारको तरिका नै फेरिदिएको छ । आज संसारभर ६० करोडभन्दा बढी वेबसाइटहरू छन् ।

यसमा पनि कसैले सामाजिक सञ्जालहरूले मानिसलाई असामाजिक बनाइरहेको र भौतिक संसारबाट भर्चुअल संसारतर्फ लगिरहेको टिप्पणी गरिरहेको बताइरहँदा समाजशास्त्री ब्यारी वेलम्यानस्टेट्स भने फरक धारणा राख्छन् । आज भन्छन्, इमेल, म्यासेज, च्याटजस्ता अनलाइन सञ्चारले परम्परागत अफलाइन वा प्रत्यक्ष सञ्चारलाई विस्थापन गरेको छैन । यसको साटो यसले सम्पर्कको आयाम बढाएको छ ।

देशमा हुलाक सेवाको विकासक्रमसँगै चिठीपत्रको जमानामा, एक जनाले अरू कसैलाई लेखेको चिठी तेस्रो व्यक्तिले पढ्नु ठूलो अपराध मानिन्थ्यो । यसरी जति नै जरूरी कुरा भए पनि चिठीकै माध्यमबाट जानकारी लिनेदिने गरिन्थ्यो । त्यसको सट्टा अरू कुनै उपाय नै थिएन । यस्तो अति नै महत्वपूर्ण चिठी पठाउन र पाउनका लागि हाम्रो देशका अधिकांश मानिसहरूले एक/दुई दिनदेखि लिएर तीनचार दिनसम्मको पैदलयात्रा गरेर हुलाक कार्यालय जानुपर्थ्यो । फलतः महिनौंपछि प्रापकको हात परेको चिठीले कुनै न कुनै नयाँ खबर ल्याएकै हुन्थ्यो ।

त्यसमा पनि मृत्युका समाचार बोकेका चिठीहरू प्रायः धागोले बाँधेर पठाइएका हुन्थे, ता कि त्यो जरूरी खबर, चिठी हात पर्नासाथ नखोलीकनै पनि थाहा होस् । यसर्थ फोनबाहेक पनि आजकल फेसबुकहरूमा च्याट गरेजस्तो बाह्रसत्ताईस अनावश्यक कुरा गर्ने बानी त्यतिखेरका मानिसहरूको छँदै थिएन । अलिपछि आवा (आकाशवाणी) भन्ने आयो, जो जिल्ला सदरमुकामहरूमा मात्र रहन्थ्यो । त्यहाँबाट पठाइने सन्देशमा अक्षर गनेर पैसा लिइने भएकाले, सन्देशका अक्षरहरू सकेसम्म कम पार्न, तिनलाई मिलेसम्म छोटो पार्ने गरिन्थ्यो । त्यसो गर्दा कतिपय छोटो पारिएका अक्षरहरूको अर्थ हाँस्यास्पद भई नबुझेर प्रापक र बाचकहरू हैरान पनि हुनुपर्थ्यो ।

त्यसमा खासगरीकन प्रायः मृत्युका समाचारहरू पठाउनका लागि मात्रै मानिसहरू कुदाकुद गरेर जाने गर्थे । भारतमा बसोबास गर्ने आफन्तजनलाई त्यस्तो समाचार दिनुपर्‍यो भने भारतीय सीमा नजिक भएका मानिसलाई चाहिँ सजिलो पर्थ्यो । एकताका चिठीकै अर्को सुधारिएको रूपजस्तो लाग्ने, अल इन्डिया रेडियोबाट प्रसारण हुने नेपाली कार्यक्रममा हप्ताको दुई पटक गोरखा सैनिक जवानहरूको सन्देश, तिनीहरूका घर परिवारका नाममा भनी भारतीय सेनामा कार्यरत केही नेपाली सैनिकहरूको सन्देश पनि प्रसारण गरिन्थ्यो । जे होस् कुनै बेला सञ्चारको अत्यन्त महत्वपूर्ण र निर्विकल्प माध्यम मानिएको चिठी, आजकल धेरै घट्दो विषयवस्तु भएको छ । जसरी सरकारी कामकाजको लागि अदालतको म्याद तामेलीका लागि कर्मचारी नै खटिने गरेको त पहिलेदेखि नै हो ।

त्यसका लागि चिठी पठाएर हुँदैन थियो । तर, आजकल चिठी पठाउनै पर्दा पनि, एउटा कार्यालयले अर्को कार्यालयलाई र कार्यालयले व्यक्तिलाई औपचारिक जानकारी पठाउनुपर्ने अवस्थामा बाहेक, चिठी पठाउने कामप्रायः कसैले गर्दा पनि गर्दैन र त्यस्तो काम कसैलाई पर्दा पनि पर्दैन । यसर्थ च्याट, भाइबर, भिडियो कल, स्काइभ सबैको पहुँचमा नभए पनि मोबाइल भने प्रायः सबैको हातहातमा छ । अतः गाउँघरका कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरूले किताब किन्न नसके पनि अर्काको भारी बोकेर वा अरू नै कुनै ज्यालामजदुरी गरेरै भए पनि सकेसम्म दामी मोबाइल किनेर चलाएकै हुन्छन् ।

त्यसरी नै विदेशतिरै कुरा गर्नुपरे पनि पैसा खर्च हुन्छ भन्ने कुराको पिरै गरिँदैन । यसमा पनि खबर आदानप्रदानको काम उतिखेरको उतिखेरै मोबाइलबाटै हुने भएपछि, महिनौं लाग्ने चिठीको प्रयोग कसले गरिरहोस् ! त्यसैले, गोश्वारा हुलाकतिर केही काम हुँदो हो, नत्र अन्यत्र हुलाक र हुलाकका कर्मचारीहरूको खासै काम देखिएको छैन् । यसरी चिठी पठाइदिने र ल्याइदिने हुलाक कार्यालयको काम पहिलाजस्तो सक्रिय र जरूरी पनि छैन । यो अब पुरानो जमानाको प्रयोग भइसकेको छ ।

समग्रमा भन्नुपर्दा सन् १६६० मा बेलायतका तत्कालीन राजाचार्ल्स द्वितीयले जेनेरल पोस्ट अफिस स्थापना गरेको इतिहास भेटिन्छ । हाम्रो देशको कुरा गर्ने हो भने तत्कालीन राणा प्रधानमन्त्री रणोद्विप सिंहको पालामाविक्रम संवत् १९३५ नेपाल हुलाक घरबाट यसको इतिहास सुरू भयो । हालको २१ शताब्दीलाई अवलोकन गर्ने हो भने मोबाइल र इन्टरनेटको विकासले हुलाक सेवालाई पछि पारेको हो । यसर्थ नागरिकले अहिले छिनभरमा नै सूचना पठाउँछन् र लिने एकातिर छ भने यो गतिमा हुलाक सेवा पुग्न सकेको छैन । यी कारणहरूले गर्दा हुलाक सेवाले दिइने सेवामा सुधार आउन सकेको छैन । त्यसैले अहिले हुलाक सेवा कार्यालयहरू छायामा परेका उदाहरण धेरै छन् ।

यसमा प्रविधिमैत्री भए पनि हुलाक सेवामा सरकारको लगानी घटेको छैन । यो कार्यालयहरूमा काम नभए पनि कर्मचारी पाल्नै परेको स्थिति एकातिर छ भने अर्कोतिर भने सरकार हुलाक सुधार गर्न तत्पर पनि देखिँदैन । यसको साथसाथै मुलुकको संविधान २०७२ ले सूचनाको हक प्रत्येक नागरिकलाई दिने भन्ने उल्लेख भएको छ । यस हकभित्र नागरिकले चाँडोभन्दा चाँडो सूचना प्राप्त गर्ने अधिकार नै दिएको छ । अतः हुलाकलाई पछिल्लो समयमा आएर केही अधिकारहरू दिए पनि यो पर्याप्त छैन । जब कि सरकारले बचत बैंक र टेलिसेन्टर सञ्चालन गर्न दिएर हुलाकलाई टिकाउन खोजे पनि त्यो व्यावहारिक र प्रतिस्पर्धी बन्न सकेको छैन् ।

अहिलेको अवस्थामा कुनै पनि सामानहरू पठाउने र ल्याउने काम हुलाक सेवाले नगर्दा त्यो काम निजी क्षेत्रबाट पनि हुनेगरेको देखिन्छ । जसले गर्दा यसमा यो काम हुलाकले गरेको भए सरकारलाई पनि फाइदा र सेवाग्राहीलाई पनि राहत मिल्ने थियो । यसो हुन नसकेको कारणले गर्दा सञ्चारसँग काम गर्नसक्ने कामहरू धेरै छन् । ती कामहरू हुलाकलाई दिए सरकार र नागरिक दुवैलाई फाइदा पुग्छ । जसले गर्दा राजस्वमा पनि वृद्धि हुने थियो ।

# कलेजोमा बोसो जमे के हुन्छ ?

कलेजो शरीरको महत्त्वपूर्ण अंग हो, जसले खाना पचाउन मात्र नभई शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्न मद्दत गर्छ। साथै कलेजोले ग्लुकोजको रूपमा ऊर्जा भण्डारण पनि गर्छ।

तर खराब दिनचर्या र अव्यवस्थित खानपानका कारण कलेजोमा बोसो जम्ने अर्थात् 'फ्याटी लिभर'को समस्या धेरैमा देखिन थालेको छ। यसरी जम्ने बोसोले कलेजोको कार्यक्षमतामा अवरोध पुऱ्याउँछ।

कलेजोमा पाँच प्रतिशतभन्दा अधिक बोसो जमेमा फ्याटी लिभर हुन्छ। जीवनशैलीमा सुधार गरेर फ्याटी लिभरको समस्यालाई कम गर्न सकिन्छ। यसको खासै संकेत हुँदैन। यद्यपि समयमै उपचार नगरे यसले स्वास्थ्यमा दीर्घकालीन तथा गम्भीर समस्या निम्तिन सक्ने ग्यास्ट्रोइन्ट्रोलोजिस्ट डा. अखिलेश कश्यप बताउँछन्।

'धेरै चिल्लो तथा कार्बोहाइड्रेटयुक्त खाना खाने र शारीरिक रूपमा सक्रिय नहुने दैनिक व्यायाम नगर्ने व्यक्तिको शरीरमा बोसो जमेर मोटोपनको समस्या देखिन थाल्छ। त्यस्ता व्यक्तिमा मोटोपनको समस्यासँगै फ्याटी लिभरको समस्या पनि देखिन्छ,' उनी भन्छन्।

पहिले कलेजो सुन्निएर बिस्तारै कलेजो सुक्दै जाने र काम गर्न नसक्ने लिभर सिरोसिसको समस्या मदिरापनको अत्यधिक सेवन र हेपाटाइटिस बी र सीको कारण हुने गर्थ्यो। तर पछिल्लो समय फ्याटी लिभरका कारण लिभर सिरोसिस हुनेको संख्या बढेको पाइएको डा. कश्यप भन्छन्।

धेरैजसो व्यक्तिमा फ्याटी लिभरको कुनै लक्षण नदेखाउन पनि सक्छ। तर केहीलाई थकान, पेटको माथिल्लो दायाँपट्टि असुविधा वा भारी महसुस हुन सक्ने उनी बताउँछन्।

## जटिलता

कलेजोमा बोसो जम्मा हुँदा कलेजोको कार्यक्षमता पूर्ण रूपमा प्रभावित हुन्छ र यसका कारण कलेजोले काम गर्दैन। यसको उपचार गरिएन भने यसबाट पीडित व्यक्तिलाई 'लिभर सिरोसिस'को समस्या हुन सक्ने कश्यप बताउँछन्।

'लिभर सिरोसिस हुँदा खानाको नलीको नशा फुटेर मुखबाट रगत आउने, बेहोसपन, शरीरमा प्रोटिनको कमी भएर हातखुट्टा सुन्निने, पेटमा पानी भरिने र फ्याटी लिभरको समस्या बढ्दै जाँदा क्यान्सर लगायतका गम्भीर समस्या निम्तन सक्छ,' उनी बताउँछन्।


## फ्याटी लिभरबाट कसरी बच्ने ?

स्वस्थ जीवनशैली अपनाएर, खानामा चिल्लो कम गरेर, लिभरलाई संक्रमण हुनबाट बचाएर फ्याटी लिभर तथा यसको जटिलताबाट जोगाउन सकिन्छ। त्यस्तै फ्याटी लिभर हुनबाट बच्ने एक उपाय मदिरा सेवन नगर्नु पनि हो।

'मोटोपन तथा अस्वस्थकर खानाका कारण फ्याटी लिभर भएमा शारीरिक गतिविधि बढाउनु पर्छ। दैनिक व्यायाम गरेर शरीरको बोसो घटाउनुपर्छ,' डा. कश्यप भन्छन्।

## उपचार

फ्याटी लिभरको विभिन्न स्टेज हुन्छ। पहिलो, दोस्रो, तेस्रो र चौथो स्टेजपछि फाइब्रोसिस र सिरोसिसको स्टेजमा पुग्यो भने त यसको कुनै उपचार हुँदैन। कलेजो प्रत्यारोपण नै गर्नुपर्ने हुन्छ। 'फ्याटी लिभरको अवस्था मात्र छ



भने फाइब्रोसिस र सिरोसिसको अवस्थासम्म पुग्नबाट बचाउन सकिन्छ। यसको लागि खानपानमा विशेष ध्यान दिने र दैनिक व्यायाम गर्नुपर्छ,' डा. कश्यप भन्छन्, 'कसैलाई लिभर फङ्सन टेस्ट गर्दा सामान्य आएन भने औषधिको सेवन पनि गर्नुपर्ने हुन्छ।'

## ध्यान दिनुपर्ने कुरा

कलेजोमा बोसो जम्न नदिन चिल्लो र कार्बोहाइड्रेट कम भएको खानेकुरा खानुपर्छ। मधुमेह, कोलेस्टेरोल र उच्च रक्तचापको समस्या भएकालाई यो समस्याले पनि सताउन सक्ने भएकाले उनीहरूले मधुमेह, उच्च रक्तचाप र मोटोपन नियन्त्रणमा विशेष ध्यान दिनुपर्छ।

फ्याटी लिभरको प्रारम्भिक चरणमा बिरामीमा कुनै लक्षण देखिंदैन। बिरामीले अन्य कुनै स्वास्थ्य समस्याका कारण चिकित्सकको सल्लाहअनुसार सिटी स्क्यान गर्दा फ्याटी लिभर भएको पाइएको छ। त्यसैले मोटोपन, कोलेस्टेरोल, मधुमेह र उच्च रक्तचापको समस्या भएको व्यक्तिले समय-समयमा स्वास्थ्य जाँच गरिरहनुपर्छ।

# जाडोमा हृदयाघातको उच्च जोखिम

नेपालमा उच्च रक्तचाप, मधुमेह, उच्च कोलस्ट्रोल हृदयाघात र मस्तिस्कघातजस्ता नसर्ने रोगहरूको प्रकोप बढ्दै गइरहेको छ। यस किसिमका रोगबाट हुने क्षतिले व्यक्ति, समाज र अन्ततः राष्ट्रलाई नै असर पार्न सक्ने भएकाले यी नसर्ने रोगहरूको प्रमुख कारण अस्वस्थ जीवनशैली हो भन्ने सबैले बुझ्न आवश्यक छ। अस्वस्थ जीवनशैली नै मुटसम्बन्धी रोगको प्रमुख कारण भएकाले आवश्यक उपाय अहिलेदेखि नै अवलम्बन गर्नुपर्ने हुन्छ। नभए भोलि प्रत्येक परिवारमा उच्च रक्तचाप, मधुमेह, उच्च कोलस्ट्रोल, हृदयाघात वा अन्य मुटुरोगका बिरामी हुनेछन्।

नेपालले स्वास्थ्य क्षेत्रमा निकै प्रगति गर्न सके पनि नसर्ने रोगको समस्या दिनप्रतिदिन बढ्दै गएको छ। उपचार सेवा र चिकित्सकहरू सहरी क्षेत्रमा नै केन्द्रित हुँदा ग्रामीण क्षेत्रका जनता आधारभूत जानकारी र अवसरबाट बञ्चित छन्। बालबालिका र युवाहरूमा बढ्दै गइरहेको अस्वस्थ आहारको सेवन, शारिरीक गतिविधिमा कमी, धुमपान, मदिरापानले भोलिको नेपाललाई अस्वस्थ बनाउने देखिन्छ। निम्न र मध्यम वर्गीय नेपालीहरूका लागि मुटुरोगको उपचार महँगो र असहज भएका कारणले यसको रोकथाम तथा नियन्त्रण नै एकमात्र विकल्प रहेको छ।

यतिबेला चिसो मौसमका कारण मुटुको समस्या भएका बिरामीको संख्या धेरै रहेको पाइन्छ। चिसो समयमा अस्पताल वा क्लिनिकहरूमा बिरामीको सत्त्या ह्वात्तै बढ्ने गर्दछ। उच्च रक्तचाप, मधुमेह, उच्च कोलस्ट्रोलजस्ता रोगहरूको समयमै उचित उपचार भएमा मुटुरोगको प्रकोपलाई घटाउन सकिने बरिष्ठ मुटुरोग विशेषज्ञ डा ओममूर्ति अनिल बताउँछन्। खासगरी चिसो याममा मुटुरोगबाट कसरी स्वस्थ रहन सकिन्छ भन्ने विषयमा डा अनिलसँग राष्ट्रिय समाचार समिति (रासस)का आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानी संक्षेपमा यहाँ प्रस्तुत गरिएको छ। हाल डा अनिल ग्राण्डी इन्टरनेशनल अस्पतालमा मुटुको शल्यक्रियामा संलग्न छन् भने बसुन्धरामा उनको आफ्नै नेशनल कार्डियाटिक सेन्टरमा कार्यरत छन्।

चिसो बढेसँगै जनजीवन नराम्ररी प्रभावित भएको छ। जाडो मौसममा विभिन्न प्रकारका रोगहरू लाग्ने गर्छन्। चिसोले निम्त्याउने स्वास्थ्य समस्याहरूमा मुटुसम्बन्धी समस्या मुख्य रहेको छ। चिसोले रक्तनली र शरीरमा सिधा प्रभाव पार्दछ। चिसोका कारण शरीरमा उत्पन्न हुने रसायन वा हर्मोनहरूले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्ने हुँदा मुटुभित्रका नलीमा रक्त सञ्चार अवरूद्ध गर्ने र रगत जम्ने सम्भावना बढ्न जान्छ। गर्मीको तुलनामा जाडो मौसममा मानिसमा मुटुरोगसम्बन्धी जोखिम बढी रहने गर्दछ। यस्तो अवस्थामा बिरामी र वृद्धहरूलाई हृदयाघात हुने सम्भावना बढी हुने गर्दछ।

रक्तचापको नियन्त्रण नगरेमा हृदयाघातको खतरा दुई गुणा बढी हुन्छ। मधुमेहले पनि हृदयाघातको जोखिमलाई दुईदेखि तीन गुना बढाउँछ। लामो समयसम्म मधुमेह भएको व्यक्तिलाई यसको खतरा झन् बढी हुन्छ। मधुमेहका रोगीमा रक्तचाप र कोलस्ट्रोलको राम्रो नियन्त्रण नभएमा हृदयाघातको खतरा झन् बढी हुन्छ। संसारभरि नै हेर्ने हो भने सबैभन्दा बढी मानिसको मृत्यु मुटु र रक्तनलीसम्बन्धी रोगहरूले हुने गर्छ। हृदयाघात र मस्तिष्कघात नै मुटु र रक्तनलीसम्बन्धी प्रमुख रोगहरू हुन्। हृदयाघातपछि सबैभन्दा बढी मानिसको मृत्यु मस्तिस्कघातले हुने गर्दछ।

गर्मीको तुलनामा जाडो मौसममा मानिसमा मुटुरोगसम्बन्धी जोखिममा बढी हुने हुँदा संसारभर नै चिसोको बेला मुटुका रोगीको सत्त्या बढ्ने गर्दछ। मुटुको रोगको जटिलता बढ्दा मृत्युको सत्त्या पनि बढ्न जाने अनुसन्धानबाट पुष्टि भएको छ। चिसोको समयमा हृदयाघातमात्र होइन, मस्तिष्कघात पनि बढी हुने गर्दछ। चिसोमा रक्तसञ्चार प्रणालीमा बढी समस्या आउने गर्दछ। यसले गर्दा व्यक्तिको उच्च रक्तचाप बढ्ने, रक्त प्रवाहमा गडबडी गर्दछ। जसले गर्दा मुटुमा रक्तसञ्चार कमी हुन्छ। छाती दुख्ने, मुटु ढुकढुक हुने हुन्छ भने कतिपयलाई हृदयाघात पनि हुन्छ। जाडोमा कोलस्ट्रोलको मात्रा पनि बढी हुन्छ।

जाडो मौसममा चिसोका कारणले हाम्रो शरीरमा विभिन्न रसायन वा हार्मोनहरू बढ्न जान्छ। शरीरमा उत्पन्न हुने हर्मोनहरू हुन् जसले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्छन्। ती हार्मोनहरूले हाम्रो रक्तनलीलाई साँघुरो बनाउँछ। चिसोका कारण मुटुभित्रका नलीमा रक्तसञ्चार अवरूद्ध गर्ने र रगत जम्ने सम्भावना बढाइदिन्छ। यसले गर्दा रगतको नशामा जम्ने हुन्छ। मुटुको र त्तनलीमा भयो भने हृदयाघात हुन्छ भने यदि मस्तिष्कको नलीमा भयो भने मस्तिष्कघात हुन्छ।

यस्तै वायु प्रदूषण, शारीरिक व्यायाममा कमी, मानसिक दबाब, खानपानमा खराबी र मौसमका कारण पनि ह्दयाघातको खतरा बढ्छ। जो व्यक्तिहरूको मुटु कमजोर हुन्छ, उनीहरूमा रोग लाग्ने सम्भावना बढी हुन्छ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहाको १२ औं नगरसभा: २४ प्रतिशत मात्र वित्तिय प्रगती



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको वित्तिय प्रगती कमजोर पाइएको छ । नगरपालिकाले चालु आर्थिक वर्षको २० पुससम्मा जम्मा २३.८८ प्रतिशत मात्र वित्तिय प्रगती हासिल गरेको छ । पालिकाको २८ पुसमा भएको १२ औं नगरसभामा प्रस्तुत गरेको नीति कार्यक्रम एवम् बजेट समिक्षा सहितको संशोधित बजेट वक्तव्यमा यस्तो उल्लेख गरेको हो । वक्तव्य अनुसार कुन वित्तिइ प्रगतीमा चालु खर्च ३५.९ र पुँजीगत खर्च १४.९३ प्रतिशत रहेको छ ।

चालु आर्थिक वर्षको हालसम्मको अवधिमा संघीय सरकारमार्फत आयतर्फ समानीकरण अनुदान तर्फ ७ करोड ८ लाख ८३ हजार ३ सय ३३, सशर्त अनुदान चालु १४ करोड ३० लाख ५० हजार, विशेष अनुदान पुँजीगत ३३ लाख ३३ हजार ३ सय ३३ र समपुरक अनुदान पुँजीगत २६ लाख ६६ हजार ६ सय ६६ रूपियाँ प्राप्त भएको छ । बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान प्राप्त गर्न सकेको छैन । सशर्त अनुदान चालु ६० लाख ६० हजार, विशेष अनुदान १८ लाख ७५ हजार, समपुरक अनुदान ७४ लाख ११ हजार २ सय ५० र राजश्व बाँडफाँड तर्फ संघ र प्रदेश सरकारबाट ४ करोड ५४ लाख ६५ हजार तथा आन्तरिक स्रोत राजश्व शुल्क गतवर्षको बैंक मौज्दात अल्या समेत गरी २८ कर ोड ५७ लाख १ हजार ६ सय १८ अर्थात चालु आर्थिक वर्षको अनुमानित आयको ४८ प्रतिशत आम्दानी गरेको छ ।

त्यसैगरी खर्चतर्फ कार्यलय संचालन तथा प्रशासनिक क्षेत्रतर्फ हालको अवधिसम्म ५ करोड २३ लाख ५७ हजार अर्थात ४६.४२ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ ६४ लाख ४० हजार ३ सय २ अर्थात १०.१९ प्रतिशत, पूर्वाधार विकास क्षेत्रतर्फ ९ करोड ४० लाख ३९ हजार २ सय ८६ अर्थात १८.१८ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ १२ करोड ४२ लाख ६८ हजार १ सय ७७ अर्थात ३०.२२ प्रतिशत र आर्थिक विकास क्षेत्रतर्फ २३ लाख ६६ हजार ४ सय ६९ अर्थात २.७ प्रतिशत समेत गरी कुल २७ करोड ९४ लाख ७१ हजार २ सय ४९ अर्थात २३.८८ प्रतिशत खर्च भैसकेको अवस्था रहेको छ । जसमा चालु खर्च ३५.९ र पुँजीगत खर्च १४.९३ प्रतिशत खर्च भएको छ ।

थाहा नगरपालिकाको विभिन्न पाँच विषय क्षेत्र मध्ये सबैभन्दा बढि प्रगती सामाजिक विकासमा ३०.२२ र सबैभन्दा कमजोर आर्थिक विकास २.७ प्रतिशत र हेको छ । आर्थिक वर्ष २०७९/०८० को लागि कुल बजेट १ अर्ब १७ करोड २ लाख १२ हजार ८ सय ६२ रूपियाँ विनियोजन गरिएको छ ।

यसैबीच थाहानगरले १२ औं नगर सभामा चालु आर्थिक वर्षको साउनबाट हालसम्म संचालन भएको कार्यक्रमहरूको मसिनो ढंगले समिक्षा गरेको छ । पालिकाको विभिन्न ५ विषय क्षेत्रमा ९५ बुँदामा समिक्षा गरिएको छ । समिक्षाले आगामि योजना कार्यान्वयनमा बल मिल्ने जनाइएको छ । तर समग्रमा भने पालिकाको प्रगति कमजोर रहेको छ ।

# दलिय शुभकामना–'नारा अनुसार काम गर्नुहोस्'



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको १२ औं नगरसभा सकिएको छ । थाहानगर को पालुङ जेसीज सभाहलमा सभा भएको हो । थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टको सभाध्यक्षतामा सभा भएको हो ।

कार्यक्रममा नगरमा क्रियाशील राजनीतिक दलका प्रतिनीधि तथा संघसंस्थाका प्रतिनीधिहरूले शुभकामना व्यक्त गरेका थिए । सभाको उद्घाटन कार्यक्रममा नेपाली काँग्रेसका थाहानगर सभापति प्रमोदकृष्ण जोशीले थाहानगरको पर्यटकीय क्षेत्रको विकास गर्न अपरिहार्य रहेको बताए । उनले समयसापेक्ष स्थान विशेष पर्यटकीय संभावनालाई पहिचान गरी विकास गर्नुपर्ने औल्याए । सभापति जोशीले भने– 'इन्द्रसरोवरमा जलमा आधारित पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ, हाम्रो के मा ? यसको संभावयता अध्ययन गर्न ढिलो भैसकेको छ ।' उनले पर्यटकहरूका लागि होटल तथा पर्यटन व्यवसायीको आनीबानी पनि पर्यटन मैत्री हुनु आवश्यक रहेको स्मरण गराए । नेकपा एमा बागमती प्रदेश सदस्य श्यामभक्त श्रेष्ठले जनचाहाना अनुसार जनप्रतिनीधिहरूले काम गर्न आवश्यक भएको बताए । नेता श्रेष्ठले किसानले रासायनिक मल अभाव खेप्नू परेको बताउँदै भने–'अनुदानको डि.ए.पी. मल नपाएर हाहाकार भैरहेको बेला कालोबजारी गरेर बजारमा रासायनिक मल बेचिरहेका छन् कसरी यस्तो भैरहेको छ ? उनले प्रश्न गर्दै भने किसानलाई सहजै मल किन्न पाउने वातावरण बनाउन जनप्रतिनीधि लाग्नू परो ।

नेकपा माओवादी केन्द्र थाहानगरका सचिव लक्ष्मण विष्टले पालिकाले गर्ने विकास निर्माणमा गुणस्तरीयतामा ध्यान दिन आवश्यक रहेको बताए । उनले नगरले गर्ने सडक ढलान तथा अन्य पूर्वाधार विकासका काम दीगो हुने गरी दूरगामी सोच राखेर संचालन गर्नुपर्ने औल्याए । पालिकाबाट हुने सेवा प्रवाहमा कर्मचारीको अनुपस्थित दर घटाउन र सेवाप्रति जनउत्तरदायी हुने सन्दर्भमा कर्मचारी गम्भीर भएमात्र नागरिकले सहजै सेवा र गुणस्तरीय विकास पाउने तर्फ ध्यानाकर्षण गराए । पालिकाको आन्तरिक आय जबसम्म बलियो हुँदैन तबसम्म स्थानीय तह बलियो हुन नसक्ने थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानले बताए । स्थानीय तहको मेरूदण्ड नै आन्तरिक




आय भएकोले यसको वृद्धि गर्ने र चुहावट नियन्त्रणमा विशेष ध्यान दिनूपर्ने महासचिव प्रधानको भनाइ थियो । प्रधानले आफू पनि स्थानीय राजश्व परामर्श समितिको सदस्य भएकोले पालिकासंग सहकार्य र के सहयोगर्नु पर्छ त्यसका लागि तयार रहेको बताए । आन्तरिक आय वृद्धि गर्नका लागि थाहानगर उद्योग वाणिज्य संघ सहकार्य गर्न तत्पर रहेको उनको भनाइ थियो ।

नगर सभा उद्घाटन कार्यक्रममा थाहानगर उपप्रमुख भरत गोपालीले अतिथी तथा सभा सदस्यहरूलाई स्वागत गरेका थिए । कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरे, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य सुवर्ण गोपाली, राष्ट्रिय प्रजातन्त्र पार्टीका थाहानगर उपाध्यक्ष राधेश्याम रायमाझी, पालुङ जेसिज वर्ष २०२२ का कार्यकारी उपाध्यक्ष सञ्जय गोपाली, च्वाइस नेपालका घनश्याम थापा, इलाका प्रहरी कार्यलय प्रतिनीधि, पालिकाका कर्मचारी तथा जनप्रतिनीधिहरूको उपस्थिती रहेको थियो ।

# नेकपा एसको तोकिए पालिका कमाण्डार: 'थाहामा बल'

◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) मकवानपुरको संगठन बिस्तार तथा जनपरिचालन अभियान सुरू भएको छ । यस अन्तर्गत मकवानपुर जिल्लाको दशवटै पालिकामा पालिका कमाण्डर समेत तोकेको छ । हेटौंडामा भएको जिल्ला कमिटि बैठकले दश बटै पालिकामा संगठन बिस्तारको कामलाई अघि बढाउनका लागि जिम्मेवारी तोकिएको हो ।

बैठकले मकवानपुरको बागमतीमा नारायण तिमसिल्ना, बकैयामा कबिन पन्त, मकवानपुर गढीमा कृष्णबहादुर राई, इन्द्रसरोवरमा ध्रुर्वबहादुर भुजेल, थाहा नगरपालिकामा किरणमान बल, भिमफेदीमा किशोर टण्डन, कैलाशमा र ामकुमार एलन, राक्सिराङ र मनहरीमा भूमिनन्द अर्याल र हेटौंडा उपमहानगर पालिकामा पार्टी अध्यक्ष बिष्णुप्रसाद दाहाल संयोजक रहेको टोली परिचालन गर्ने निर्णय गरेको हो ।

पार्टी केन्द्रीय निर्देशन अनुसार जिल्लाका सबै पालिका र वडाहरूमा संगठन बिस्तार तथा जन परिचालन अभियान सुरू गरिएको पार्टीले जनाएको छ । पार्टीले संगठन सुद्धिढीकरण अभियान लाई माघदेखि चैत्रसम्म सञ्चालन गर्नका लागि जिल्ला कमिटिका उपसचिब किशोर टण्डन र कबिन पन्तको टोलीलाई निर्वाचन क्षेत्र नम्बर १ मा तथा उपसचिव बेगम बराल र किरणमान बलको टोलीलाई निर्वाचन क्षेत्र नम्बर २ को जिम्मेवारी दिर्दै संगठन बिस्तार तथा जनपरिचालको जिम्मेवारी दिएको छ ।

त्यस्तै जनबर्गिय संगठनतर्फ युवा संघमा माधब तिमल्सिना, बिद्यार्थिमा अरूण बतौंलालगतायतलाई विभिन्न जिम्मेवारी तोकिएको ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
बिभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# इन्द्रसरोवरमा नि:शुल्क स्वास्थ्य शिविर, न्यानो कपडा वितरण

◆ विकास संवाददाता

इन्द्रसरोबर गाउँपालिकाको आयोजनामा वडा नम्बर ३ सिस्नेरीमा भएको नि:शुल्क स्वास्थ्य शिविर, न्यानो कपडा वितरण तथा खाजा कार्यक्रममा १ सय १६ जनाले स्वास्थ्य परीक्षण गराएका छन् । जसमा १ सय १५ जनालाई नि:शुल्क औषधि वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

यस्तै, कार्यक्रममा १ सय ८७ जनालाई न्यानो कपडा वितरण गरिएको गाउँपालिकाका सूचना अधिकारी दीपक चापागाईले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाले वडा नम्बर ३ मा २ सय ७८ जनालाई न्यानो कपडा वितरण गर्ने लक्ष्य लिएको थियो । गाउँपालिकाले 'सबैको ध्यान ज्येष्ठ नागरिकको सम्मान' भन्ने नाराका साथ कार्यक्रम संचालन गरेको हो ।

गाउँपालिका भित्र ६८ वर्ष माथिका ज्येष्ठ नागरिक र ६० वर्ष माथिका एकल महिला तथा 'क' वर्गको रातो परिचय पत्र भएका अपांगता समूहलाई लक्षीत गरी न्यानो कपडा वितरण गरेको उहाँले बताए ।

कार्यत्रम सामाजिक विकास समितिका संयोजक चन्द्र कुमार बलको सभाध्यक्षतामा भएको हो । कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष उमा कुमारी लामा, वडा नम्बर ३ का अध्यक्ष प्रभात भोम्जन लगायतको उपस्थिति रहेको थियो ।

# गोठमा आगजनी

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्वर ६ डोच्चामा सोमबार अपराह्न एक गोठमा आगोलागी भएको छ ।

सोमबार अपराह्न ३ बजेको समयमा स्थानीय सरस्वती बलामीको ढुंगा र माटोको गारोमा टिनको छानो भएको कच्चि गोठकमा अचानक आगलागी भएको मकवानपुर प्रहरीले जनाएको छ । प्रहरीका अनुसार, आगोलागीबाट गोठ पूर्ण रूपमा जलि क्षति, एउटा गाईको मृत्यु र एउटा बाछो घाईते हुँदा ५ लाख रूपैयाँ बराबरको धनमालको क्षति भएको छ ।

# थाहानगरको फोटो चितवनको खैरहनीमा प्रदर्शनी हुने

◆ विकास संवाददाता

चितवनको खैरहनीमा थाहाका फोटो प्रदर्शनीमा हुने भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश तथा खैरहनी उद्योग वाणिज्य संघको आयोजनामा चितवनको लदरी खोला किनारमा २०७९ माघ ४ देखि १५ सम्म हुने बागमती प्रादेशिक एवं दोश्रो खैर हनी महोत्सवमा थाहाको फोटो हुने भएको हो ।

थाहानगरका ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरू समेटिएका ६० वटा फोटो उक्त महोत्सवमा प्रदर्शनीका लागि राखिने छन् । प्रदर्शनीमा राखिने फोटोहर थाहानगरका फोटो पत्रकार गणेश विष्टले खिचेका हुन् । आन्तरिक पर्यटकलाई आकर्षित गर्न तथा थाहाको पर्यटकीय परिचय दिने उद्देश्यले महोत्सवमा फोटो प्रदर्शनी गर्न लागिएको थाहानगर प्रमुख बिष्णु बहादुर विष्टले बताए। यसअघि काठमाडौमा थाहा नगर पालिकोको आयोजनामा तथा फरक सोचको समन्वयमा कार्तिक १९, २० र २१ गते वसन्तपुर डबली काठमाण्डौमा गरिएको फोटो प्रदर्शनीमा करिब १३ हजार ले अवलोकन गरेका थिए । 'यसअघिका फोटो प्रदर्शनीले आन्तरिक पर्यटकलाई थाहासम्म आउने वातावरण बनाएकोले चितवनमा पनि फोटो प्रदर्शनी गर्न लागिएको हो' नगर प्रमुख विष्टले भने ।

यस पटकको प्रदर्शनी थाहा नगरपालिकाको आयोजना तथा फरक सोचको समन्वय रहने जनाइएको छ । कार्यक्रमको व्यवस्थापन थाहानगर उद्योग वाणिज्य संघको गर्नेछ । १० दिनसम्म चल्ने महोत्सवमा करिब १५ हजारले अवलोकन गर्ने पुर्वानुमान रहेको कार्यक्रमका संयोजक तथा थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कबिराज खत्रीले जानकारी दिए ।

फरक सोच अभियानले आफ्नो व्यवस्थापनमा काठमाडौको वसन्तपुरमा गरेको फोटो प्रदर्शनीमा फोटो बिक्री गरेर प्राप्त भएको ८० हजार ६ सय रूपैयाँ राजश्व सहित प्रदर्शनीका निम्ति तयार पारिएका ४० हजार ८ सय २४ रूपियाँ बराबरको ६३ थान माउन्ट फोटो समेत थाहानगरलाई बुझाएको थियो ।

# थाहानगरमा थपियो ज्येष्ठ नागरिक मिलन केन्द्र

◆ विकास संवाददाता



थाहा नगरपालिका वडा न ४ किटेनी घलेडाडामा रहेको किरातेश्वर मन्दिर परि सरमा बृद्धबृद्धाको लागि जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरेको छ । ६८ बर्ष पुगेका बृद्धबृद्धालाई सेवा दिने गरी केन्द्र सञ्चालनमा ल्याईएको हो । किरातेश्वर जेष्ठ नागरिक मिलन केन्द्र नाम राखेर थाहा नगरपालिकामा कृयाशील सामाजिक अभियान फरक सोचको पहल र स्थानिय युवाहरू तथा जेष्ठ नागरिकको पहलमा प्रयोग बिहिन भएर बसेको विद्यालय भवनलाइ बृद्धबृद्धाको लागि भलाकुसारी गर्ने स्थानको रूपमा दिवा सेवा प्रदान गर्ने गरी मिलन केन्द्र स्थापना गरेको फरक सोचका अभियान्ता यादव जंग रायमाझीले बताए ।

मिलन केन्द्र व्यवस्थापन गर्नको निम्ति एक समिती समेत गठन गरियको छ जस्को अध्यक्षमा सिताराम अधिकारी,उपाध्यक्ष सानुनानी अधिकारी ,सचिव नारायण खत्री तथा कोषाध्यक्ष निरन्जन अधिकारी रहेको ११ सदस्यीय समिती समेत गठन गरियको थियो । जेष्ठ नागरिकको सम्मान र संरक्षण गर्ने उद्देश्यले केन्द्र सञ्चालन गर्न लागिएको समितिका अध्यक्ष सिताराम अधिकारीले बताए । केन्द्रको थाहा नगरपालिकाका प्रमुख बिष्णु बिष्टले उद्घाटन गरेका छन् । जनमुखी राजनीतिका धरोहर रूपचन्द्र बिष्टको जन्म जयन्ती तथा थाहा दिवसको अवसर पारेर मिलन केन्द्रको उद्घाटन गरियको हो । उद्राटन कार्यक्रममा थाहा नगरका प्रमुख बिष्टले ज्येष्ठ नागरिकका अनुभव, ज्ञान र सीपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न पनि मिलन केन्द्रको आवश्यकता रहेको बताए । ज्येष्ठ नागरिकलाई आनन्दमय तरिकाले चिन्तन/मनन गर्ने र त्यहीँ आफ्नो स्वास्थ्यको समेत चेकजाँच गर्न पाउने सहितको व्यवस्था गर्न नगरपालिकाले पहल गर्ने बताए ।

समितिका अध्यक्ष सिताराम अधिकारीको सभापतित्वमा सम्पन्न मिलन केन्द्रको उद्घाटन समारोहमा थाहा ४ का अध्यक्ष नारायण लामा,३ का अध्यक्ष हिरेन्द्र रायमाझी, वडा न ४ का सदस्य सुन्दरराज केसी,३ का सदस्य कृष्णकुमार कार्की ,नेकपा माओवादी केन्द्र थाहानगर अध्यक्ष बिनोद कुमार लामा, नेपाली कांग्रेस नगर उपसभापति नवराज कार्की ,थाहा नगरपालिकाका सुचना अधिकारी सुरज कुमार भुजेल, फोटो पत्रकार गणेश बिष्ट,नापी कार्यालय शिखरकोटका प्रमुख गोपाल नारायण भुजेल लगायत जेष्ठ नागरीक, समाजसेवीहरूको उपस्थिति रहेको थियो। मिलन केन्द्र संचालन गर्नको निम्ति स्थानिय समाजसेवी तथा व्यावसायी हरूले भौतिक तथा आर्थिक सहयोग गरेको मिलन केन्द्र संचालन गर्नको निम्ति अहम भुमिका रहेको फरक सोचका अध्यक्ष यादव जंग रायमाझीले धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सहयोगको निरन्तरता रहिरहने बताए।

# मुक्तिनाथको शेयपुँजी १४ लाख नाघ्यो

◆ विकास संवाददाता



मकवाकनपुर थाहा नगरपालिका नम्बर २ फाँटबजारमा रहेको मुक्तिनाथ हरियाली कृषि सहकारी संस्थाको ८ औं वार्षिक साधारणसभा ३० पुसमा भएको छ । सभामा संस्थाका अध्यक्ष माधव कार्कीले प्रस्तुत गरेको संस्थाको प्रगति प्रतिवेदन पास भएको छ ।

मुक्तिनाथ हपरयालीले शेयर पुँजी वृद्धि लगायत सहकारी सुपथ मूल्य पसल संचालन, मल बीउ, विषादीलगायत कृषि सामाग्री वितरण गर्ने गरेको अध्यक्ष कार्कीले बताए । सहकारी पसल मार्फत सुपथ मुल्यमा दैनिक उपभोग्य सामान, उन्नत जातका बिउबिजन, भेटेनरी समेतको व्यवस्था गरि आफ्ना सदस्यहरूलाई सेवा सुविधा दिदै आइरहेको कार्कीले बताए। थाहा नगरको दिनचर्या कृषि कर्म भएकोले किसानहरूले किन्ने मल, बिउबिजन, पोषकतत्वको बजार मूल्य बढी भएकोले गुणस्तरीय र सरल मुल्यमा कृषि सामाग्री उपलब्ध गराउन नगर भित्र रहेका कृषि सहकारीहरूले जोड दिनुपर्ने प्रमुख अतिथी थाहाका २ नम्बर वडा अध्यक्ष बम बहादुर सिनतानले बताए । उनले संस्थाको प्रगतीको शुभकामना व्यक्त गरे ।

मकवानपुर जिल्ला सहकारी संघका राजकुमार केसीले कृषि सहकारीहरूले उत्पादित कृषि जन्य बस्तुलाई बजार मुल्यमा विक्री बितरण गर्न सहजीकरण गर्नुपर्नेमा जोड दिए । केसीले कृषि क्षेत्रमा लगानी बढाउन आग्रह समेत गरे। संस्थाको हाल शेयर पुँजी १४ लाख १९ हजार र निक्षप ८ लाख ४५ हजार रहेको प्रतिवेदनमा उल्लेख छ । साधारणसभालाई संस्थाका उपाध्यक्ष तुलसा बिष्टले संचालन गरेकी थिइन् ।

कार्यक्रममा २ नम्बर वडा सदस्य युवराज विष्ट, शुभारम्भ कृषि सहकारीका अध्यक्ष बिक्रम विष्ट, पालुङ जेसिज बर्ष २०२३ का अध्यक्ष संगम कार्की, मंगलदिप बचत तथा ऋण सहकारीका व्यवस्थापक गणेश बिष्ट, पत्रकार सम्पादक शम्भु अधिकारी, घाटदेवी निमाविका अध्यक्ष वीर बहादुर तामाङ, पाथीभरा सहकारीका अध्यक्ष गोकर्ण बरूवाल, दिपज्योती बोर्डिङका संस्थापक रामशरण थापा लगायतकाको आतिथ्यता रहेको थियो ।



# मकवानपुरमा मानवधिकार उलंघनका ७० घटना

◆ विकास संवाददाता

मकवानपुरमा सन् २०२२ को जनवरीदेखि डिसेम्बरसम्म अर्थात २०७८ पुसदेखि हालसम्मको अवधिमा मकवानपुर जिल्लामा मानव अधिकार उल्लंघन तथा ज्यादतीका ७० वटा घटना भएका छन् । अनौपचारीक क्षेत्र सेवा केन्द्र इन्सेक बागमती प्रदेश हेटौंडाको आयोजनामा नेपाल मानव अधिकार पुस्तक वर्ष २०२३ वार्षिक पूर्व तयारी समिक्षा कार्यक्रम गर्दै विवरण सार्वजनिक गरिएको हो । इन्सेक बागमती प्रदेशका संयोजक गणेश भण्डारीले मानव अधिकार उलंघटनका घटनालाई समेटेर पुस्तक सार्वजनिक गर्न लागिएको बताए ।

जसमा राज्यपक्षबाट ७ जना र अन्यपक्षबाट ६६ जना मानिस पीडित भएका अनौपचारीक क्षेत्र सेवा केन्द्र इन्सेक बागमती प्रदेश कार्यालयले जनाएको छ । जसमध्ये ५० जना महिला, २२ जना पुरूष र १ जना लैङ्गिक तथा अल्पसंख्यक समुदायको व्यक्ति पीडित रहेको इन्सेक मकवानपुरका प्रतिनिधी पुष्पराज अधिकारीले बताए । बाल अधिकारका घटनामा २५ जना बालिका पीडित भएकोमा २१ जना बलात्कारमा परेका छन् भने ३ जना यौन दुर्व्यवहार का घटना र १ नवजात शिशु हत्याको घटनामा भएको थियो । मकवानपुरमा २५ वटा घटनामा महिला अधिकारका हनन् भएको थियो । २५ जना महिला पीडित भएकोमा १० जना बलात्कारबाट, ४ जना बलात्कारको प्रयासबाट, ४ जना बहुबिबाह र १ जना बेचबिखनको घटनामा पीडित भएको इन्सेकको प्रतिवेदनमा उल्लेख रहेको छ ।



यस अवधिमा ८ ओटा हत्याका घटना भएकाछन् । जसमा ३ जना महिला र ५ पुरूष छन् । यस्तै १४ ओटा हत्या प्रयासका घटनामा ३ महिला १० जना पुरूष र १ ज लैङ्गिक तथा अल्पसंख्यक महिला पीडित भएको इन्सेकले जनाएको छ । यस वर्ष परिवारजनबाट ४ जना बालिका सहित ५ ओटा बलात्कार, १ यौन दुर्व्यवहार, १ बलात्कार प्रयास र १ नवजात शिशु छोरी सहित ६ ओटा हत्याको घटना प्रतिवेदनमा उल्लेख रहेको छ । त्यस अवधिमा १० ओटा हत्याका घटना भएका थिए । जसमा ५ जना महिला र ४ पुरूष थिए एक कुटपिटको घटना रहेको भण्डारीले बताए ।

अनौपचारीक क्षेत्र सेवा केन्द्र इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशनका लागि आयोजना गरिएको पुर्व समिक्षा कार्यक्रममा यस्तो तथ्याङ्क सार्वजनिक गरिएको हो । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका पूर्व अध्यक्ष प्रताप विष्टले मानव अधिकार उलंघन हुन नदिनका लागि राज्य पक्ष जिम्मेवार हुनुपर्ने बताए । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरिक्षक चुडा कुमारी खड्का लगायतकाले मानब अधिकार उलंघनका घटना न्यूनिकरणका लागि लागिएको बताइन् ।

# भैसे–भिमफेदी सडक खण्ड निर्माणको छिटै सक्ने

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडाबाट संघीय राजधानी जोड्ने छोटो मार्ग भैसे-कुलेखानी-काठमाण्डौं सडकको भैसे-भिमफेदी सडक खण्ड निर्माणको काम छिटै सक्नेगरी सक्नका लागि पहल भएको छ । भैसे भीमफेदी सडकखण्ड बिस्तारको काम प्रदेश सरकारको लगानीमा भइरहेको छ । यसको काम छिटो सक्नका लागि स्थानीय वासिन्दाहरूले प्रदेश सरकार लाई बारम्बार दवाव समेत दिएका छन् । बागमती प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्त भए सँगै मुख्यमन्त्री शालिकराम जम्कटेलले भैसे भिमफेदी सडक खण्ड बिस्तारमा देखिएको समस्या समाधान गर्न आफु तयार रहेको वताएका छन् ।

सडकका समस्या समाधान गर्न प्रदेश सांसद कुमारी मुक्तान, भिमफेदी गाऊँपालिका अध्यक्ष हिदम लामा, उपाध्यक्ष संजीब श्रेष्ठ र वडा नम्बर-४ का अध्यक्ष सागर पाण्डे संग बिस्तृत छलफल गरेका छन् । मुख्यमन्त्री जमकट्टेलले भिमफेदी गाउँपालिका अध्यक्ष लामासंग भने-'निर्माण सक्दो छिटो सक्ने गरी काम गराउँछौं, ढुक्क हुनुस् ।' मुख्यमन्त्री निवास हेटौंडामा भएको छलफलले छिट्टै यात्रुहरू भोग्नु परेको समस्या बाटो विस्तारमा देखिएको समस्या हल गर्ने योजना तयार गरेको छ ।

केही समयलाई सवारी आवागमन रोकी सडक विस्तार गरिने मुख्यमन्त्री जम्कटेलले बताए । काठमाडौं बाट बागमती प्रदेशको राजधानी हेटौंडा जोड्ने भैंसे भिमफेदी सडक खण्ड विस्तारको काम अलपत्र पर्दा यात्रुहरू समस्यामा परेको गुनासो आए पछि मुख्यमन्त्रीको ध्यानाकर्षण भएको हो ।


## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं !

– विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
– विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
– सञ्चारमाध्यमबाट जारी विजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बिलबाट मात्र भुक्तानी गरौं, गराऔं ।
– विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
– विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी